धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९४ ◆ २०८३ कात्तिक ३ मंगलबार ◆ Tuesday, October 20, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

तातोपानी नाका नियमित सञ्चालनको माग, दुई दिनमा १० कन्टेनर नेपाल भित्रिए

❑ *प्रत्यूष समाचारदाता*

सिन्धुपाल्चोक । यही कात्तिक १ गतेदेखि अस्थायी रुपमा सञ्चालन मा ल्याइएको नेपाल-चीनको तातोपानी नाकालाई नियमित रुपमा सञ्चालनमा ल्याउन माग गरिएको छ ।

नेपाल हिमालय सीमापार बाणिज्य संघका महासचिव रामचन्द्र पराजुलीले हाल यो नाका तीन दिन मात्रै सञ्चालन हुने भएकाले चाडपर्व लक्षित गरी ल्याइएको सामग्री उतै रहने जोखिम बढेको छ ।

चीनको सिचाङस्थित न्यालम क्षेत्रमा दशैं, तिहार लगायतका चाडपर्वलक्षित सामान बोकेका ४५ भन्दा बढी कन्टेनरहरू रोकिएका छन्, अस्थायी रुपमा तीन दिनमात्रै सञ्चालनमा आएको नाकाबाट ती सामान ल्याउन सम्भव छैन, त्यसैले नियमित रुपमा सञ्चालन आवश्यक छ," उहाँले भन्नुभयो ।

महासचिव पराजुलीका अनुसार संघले चीन सरकार र नेपालस्थित चिनियाँ दूताबासलाई ध्यानाकर्षण पत्र बुझाएर नाका निरन्तर सञ्चालनको माग गरि सकिएको छ । उहाँका अनुसार चाडपर्व लक्षित सामान बोकेका कन्टेनरहरू सीमामा रोकिएको छन्, यी सामानहरूमध्ये ठूलो हिस्सा नाशवान् वस्तुहरू, विभिन्न कृषि उत्पादनहरू तथा मौसमी व्यापारिक सामग्रीहरूको रहेको छ, जुन तत्काल बिग्रने जोखिममा छन् ।

अन्य नाकाहरु सञ्चालन नभईरहेको अवस्थामा दुई देशबीच को व्यापारलाई सहज बनाउन तातोपानी नाका पूर्ण रुपमा सञ्चालन हुन जरुरी भएको उहाँको भनाइ छ । तातोपानी भन्सार कार्यालयका भन्सार अधिकृत नरेन्द्रसिंह चैसिरका अनुसार नाकाबाट आइतबार तीन वटा मालवाहक कन्टेनर भित्रिएका थिए भने आज साँझसम्म सात वटामात्रै कन्टेनर आएका छन् । उहाँले भन्नुभयो, "कार्गो ट्रकका लागि मात्रै चीनले अनुमति दिएका कारण साना कन्टेनरहरु आउन सकेका छैनन् ।" भित्रिएका कन्टेनरहरुमा फलफूल, जुत्ता, तयारी पोशाक र कृषिजन्य सामग्रीहरु रहेको उहाँले जानकारी दिनुभयो ।

ओमानविरुद्ध नेपालको १० रनको जित

काठमाडौं । आइसिसी क्रिकेट विश्वकप लिग-२ शृङ्खलाअन्तर्गत ओमानविरुद्ध नेपालले १० रनको जित निकालेको छ । जारी शृङ्खलामा नेपालको यो तेस्रो जित हो ।

ओमानको अल अमेरतस्थित क्रिकेट मैदान (मिनिस्ट्री टर्फ १) मा टस जितेर ब्याटिङ रोजेको नेपालले दिएको ओमान सामू २८१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । ओमानले निर्धारित ५० ओभरमा सात विकेट गुमाएर २७० रन मात्र बनाउन सक्यो ।

ओमानका लागि जतिन्दर सिंह र हमाद मिर्जाले अर्धशतकीय पारी खेले । उनीहरुले क्रमशः ८९ र ८७ रनको योगदान दिए । हसनैन साह ४० रनमा अविजित रहे । साथै हसनैन उल वहाबले १५ र कप्तान बिनायक शुक्लाले १३ रन जोडे ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरी र ललित राजवंशीले समान दुई-दुई विकेट लिए । साथै कप्तान सन्दीप लामिछाने र नन्दन यादवले एक-एक विकेट लिए । नेपालको जितमा रोहितकुमार पौडेलसहित तीन ब्याटरले अर्धशतकीय पारी खेले । रोहितले ८१ बलमा दुई चौका र दुई छक्कासहित ८० रनको योगदान दिए भने दीपेन्द्रसिंह ऐरीले ६२ बलमा चार छक्का र तीन चौकाको सहयोगमा ६९ र देव खनालले ६५ बलमा चार चौका र एक छक्कासहित ५७ रनको पारी खेले । त्यस्तै, ईशान पाण्डेले २९ र बसिर अहमदले १७ बनाए ।

ओमानका लागि साह फैसलले पाँच विकेट लिए ।

यस जितसँगै नेपाल अङ्क तालिकाको छैठौं स्थानमा उक्लिएको छ । नेपालले जारी संस्करणको लिग-२ मा ३६ खेलमध्ये १४ मा जित, २० मा र दुई खेलमा अङ्क बाँड्यो । नेपालले ३६ खेलबाट ३० अङ्क जोडेको छ ।

देवघाट–मौलाकालिकामा केबलकार बन्ने

नारायणगढ । चितवनको देवघाटदेखि नवलपुरको मौलाकालिका मन्दिरसम्म केबलकार निर्माण गरिने भएको छ ।

करिब दुई किलोमिटर दूरी रहेको उक्त स्थानमा आइएमई ग्रुपले केबलकार निर्माण गर्ने भएको हो । ग्रुपका अनुसार दुई वर्षभित्र केबलकार निर्माण गरिनेछ ।

कम्पनील हाल गैंडाकोटको बटम स्टेसनबाट मौलाकालिका मन्दिर नजिकै रहेको इला होटलसम्म केबलकार सञ्चालन गरिरहेको छ । अब देवघाटबाट समेत मौलाकालिका पुग्न सकिने गरी नयाँ केबलकार परियोजना अघि बढाइएको हो ।

आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले देवघाट र मौलाकालिकालाई जोड्ने केबलकार परियोजनाको काम अगाडि बढेको बताउनुभयो ।

नेपालमा मानवीय सेवासहित विदेशी मुद्रा आर्जनको नयाँ आधार

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । आँखा स्वास्थ्य क्षेत्रमा नेपालले पछिल्लो समय हाँसिल गरेको उपलब्धि र यसलाई अन्तराष्ट्रिय समुदायले गरेको विश्वासले नेपाललाई गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवाको आकर्षक गन्तव्य (हब)का रुपमा स्थापित गर्ने आधारशिला तयार गरेको छ । यो आधारशिलाको अनुपम उदाहरण नेपाल नेत्रज्योति सङ्घ अन्तर्गत सञ्चालित आँखा अस्पतालहरुले विदेशी नागरिक हरुलाई समेत प्रदान गरिरहेको आँखा स्वास्थ्य उपचार सेवा तथा विभिन्न देशमा सञ्चालन गर्ने निःशुल्क आँखा उपचार सेवा हो । सङ्घको सञ्जालभित्र २८ आँखा अस्पताल र २२६ आँखा उपचार केन्द्रहरु आवद्ध छन् ।

ती अस्पताल तथा उपचार केन्द्रका उत्कृष्ट सेवाका कारण आँखाको उपचारका लागि कि काठमाडौँ अथवा सीमापारी धाउनुपर्ने बाध्यता अन्त्य भएको छ। पछिल्लो समय सीमापारिबाट आँखाका बिरामी उपचारका लागि नेपाल आउँदछन्। उनीहरूका लागि नेपाली आँखा अस्पताल दृष्टि जोगाउने भरोसाको केन्द्र बन्दै गएको छ। नेपाली नेत्र चिकित्सक को अब्बल दक्षता, आँखा स्वास्थ्यमा भित्रिएका नवीनत उपकरण, गुणस्तरीय सेवालाई सङ्घमा आवद्ध ती अस्पताल र केन्द्रले अधिकतम् उपयोगमा ल्याएका छन् । यही विश्वास र भरोसाका कारण अहिले नेपालको आँखा स्वास्थ्य क्षेत्रका लागि नयाँ सम्भावना बनेको छ ।

अर्कोतर्फ आँखामा उज्यालो फर्काउने यही सेवाले देशको अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन थालेको छ । सङ्घका प्रमुख वित्त अधिकृत सीए देवराज पन्तले भन्नुभयो, "नेपालको आँखा स्वास्थ्य सेवाले देशको अर्थतन्त्रमा योगदान पुऱ्याउन थालेको छ । विदेशी बिरामीहरु नेपालको आँखा अस्पतालमा उपचार गर्न आउनेक्रम बृद्धि भैराखेको छ। उनीहरुबाट प्राप्त हुने आम्दानीले नयाँ सम्भावनालाई पनि उजागर गरेको छ ।"

उहाँका अनुसार नेपाल नेत्रज्योति संघको सञ्जालभित्रका ती अस्पताल तथा केन्द्रहरूले आर्थिक वर्ष २०८२/ ८३ मा विदेशी बिरामीलाई उपचार सेवा दिएवापत एक अर्ब ५० करोड रुपैयाँभन्दा बढी विदेशी मुद्रा भित्र्याएका छन्। उहाँले भन्नुभयो," यो केवल एउटा आर्थिक तथ्याङ्क होइन, नेपाली स्वास्थ्य सेवाले अन्तरराष्ट्रिय स्तरमा कमाउँदै गएको विश्वासको उत्कृष्ट नमुना पनि हो। गुणस्तरीय आँखा स्वास्थ्य सेवा वापत यो मुद्रा भित्र्याउनु प्रचुर संभावनाको ढोका खोल्नु हो । " प्रमुख वित्त अधिकृत सीए पन्तका अनुसार विदेशी बिरामीबाट प्राप्त हुने आम्दानीले आँखा स्वास्थ्य सेवाको आर्थिक सम्भावनालाई पनि उजागर गरेको छ ।

गुणस्तरीय सेवाको प्रत्याभूत

उपचारका लागि आउने विदेशी बिरामीमध्ये बढी भारतबाट आउने गर्दछन्। यसैगरी बङ्गलादेश, भुटान सहित अन्य मुलुकका नागरिकले पनि नेपालका आँखा अस्पतालको सेवा लिइरहेका छन् । बिरामीका आफन्तले उपचारका लागि आफ्नो बिरामीलाई अर्को देश लैजानु भनेको सामान्य कुरा होइन । उपचारको गुणस्तरीय, चिकित्सक प्रतिको विश्वास, लागत , पुहुँच, सेवा प्राप्त गर्ने अवधि, बिगतमा बिरामीको अनुभव र आर्थिक लगायतका पक्षलेहरुले यस्तो निर्णयमा अहं भूमिका निर्वाह गर्दछ ।

निकुञ्ज चाडपर्व लक्षित सुरक्षा योजना : तालिम प्राप्त कुकुरद्वारा निगरानी

❑ *प्रत्यूष समाचारदाता*

चितवन । चितवन राष्ट्रिय निकुञ्जले चाडपर्व लक्षित गर्दै सुरक्षा रणनीति तयार गरेको छ। रणनीति अनुसार निकुञ्ज प्रशासन र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना गरी १ हजार २ सय बढी जनशक्ति परिचालन गरिने छ ।

चितवन राष्ट्रिय निकुञ्ज का सूचना अधिकारी अविनास थापा मगरका अनुसार चाडपर्वमा अपरिचित व्यक्तिहरुको चहलपहल बढी हुने हुँदा चोरी शिकारी हुन सक्ने भएकाले सुरक्षा रणनीतिका साथ उच्च सतर्कता अपनाइएको हो । उहाँले भन्नुभयो "अहिले संम्बेदनशिल क्षेत्रहरुमा ३५ 'स्पाई क्यामेरा' जडान गरेर सुरक्षा दिइएको छ ।" चोरी शिकारीका हिसाबले जोखिम रहेका क्षेत्रहरुमा स्पाई क्यामेरा सहित क्याम्पिङ् एण्ड एम्बुसिङ् लगायतका कामहरु गरिने उहाँले जानकारी दिनुभयो ।

सूचना अधिकारी मगरका अनुसार बिगतमा हुने गरेका नियमित गस्ति सहित स्विपिङ्, पट्रोलीङ्, साईकल गस्ति, त्यसैगरी मोटरसाईकल गस्ति, बोट, गाडी र हात्तीबाट गस्ति गरिने छ । चाडपर्वको समयमा निकुञ्ज आसपासमा बसोबास गर्ने स्थानीय पर्व मनाउन लाग्ने भएकाले चोरी शिकारीका बढी सम्बेदनशील मानिने गरिन्छ ।

सम्बेदनशील क्षेत्रहरुमा 'लिङ्क पट्रोलीङ्' लगायतका कामहरु भईरहेको छ ।

चुरे क्षेत्रमा समेत चोरी शिकारी हुन सक्ने भएकाले सो क्षेत्रलाई समेत मध्यनजर गर्दै सुरक्षा व्यवस्था मिलाईएको छ ।



निकुञ्ज क्षेत्रभित्र ५७ स्थायी पोष्ट र ३ अस्थायी पोष्टहरुबाट सुरक्षा दिने काम भइरहेको छ ।

यसलाई अझै चुस्त बनाउँदै स्थानीय सरोकारवाला संगको साझेदारीमा निकुञ्ज सुरक्षा गरिने छ । शंकास्पद स्थानहरुमा तालिम प्राप्त कुकुर (स्निफर डग) मार्फत निगरानी गरिने छ । आबश्यकता अनुसार अन्य सुरक्षा निकाय संग समेत समन्वय गरेर निकुन्ज क्षेत्रमा रहेका बस्तिहरुमा समेत तदारुपता बढाइएको उहाँले जानकारी दिनुभयो ।

चितवन राष्ट्रिय निकुञ्जले चाडपर्व लक्षित गर्दै सुरक्षा रणनीति तयार गरेको छ । रणनीति अनुसार निकुञ्ज प्रशासन र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना गरी १ हजार २ सय बढी जनशक्ति परिचालन गरिने छ ।

महानवमीमा मात्र खुला हुने तलेजु भवानी मन्दिर, (आज) मंगलबार बिहान ५ बजेदेखि भक्तजनले दर्शन गर्न पाउने

काठमाडौं । विश्व सम्पदा सूचीमा सूचिकृत हनुमानढोका दरबार क्षेत्रभित्र रहेको तलेजु भवानीको मन्दिर कात्तिक ३ गते मङ्गलबार (आज) बिहान ५ बजेदेखि बेलुकी ६ बजेसम्म सर्वसाधारणका लागि खुला गरिने भएको छ ।

यो मन्दिर प्रत्येक वर्ष महानवमीका अवसरमा मात्र सर्वसाधारण भक्तजनका लागि खुला गरिने परम्परा रही आएको छ । हनुमानढोका दरबार हेरचाह अड्डाले सोमबार आयोजना गरेको सरोकार भएका निकायसँगका छलफलका क्रममा बिहान ५ बजेदेखि बेलुकी ६ बजेसम्म तलेजु भवानी मन्दिर सर्वसाधारणलाई पूजा, आराधना एवं दर्शनका लागि खुला गरिने निर्णय भएको दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख जयन्ती श्रेष्ठ प्रधानले राससलाई जानकारी दिनुभयो ।

प्रत्येक वर्ष आश्विन शुक्ल नवमी अर्थात् महानवमीका दिनमात्र भक्तजनका लागि खुला गरिने तलेजु भवानी मन्दिरमा हजारौं भक्तजनको भीड लाग्ने गर्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको साइत अनुसार तुलजा भवानीलाई गत असोज ३१ गते शनिबार बिहान ०७:३७ बजे हनुमानढोका दरबार क्षेत्रको मूलचोकमा यात्रा गराइएको छ । तुलजा भवानीलाई त्यसै दिन बिहान १०:३९ बजेको साइतमा स्थिरासनमा राखिएको थियो । तलेजु भवानीलाई मूलचोकमै राखेर महाअष्टमी आज राति कालरात्रि पूजा गरिँदैछ । कालरात्रि पूजाका साथ ५४ बोका र ५४ राँगाको बलिसहित आराधना गरिने पनि हेरचाह अड्डाले जनाएको छ । विजयादशमीसम्म तलेजु भवानीलाई यहीं राखेर पूजा आराधना गरिन्छ । कात्तिक ४ गते बुधबार विजयादशमीका दिन बिहान समितिले दिएको साइतअनुसार बिहान १०:५१ बजे यात्रा गराइने छ । त्यसै दिन बिहान ११:५२ बजे तलेजु भवानीलाई मूल मन्दिरमा स्थिरासन गराइने छ ।



सम्पादकीय ....

महानवमी पर्वको धार्मिक तथा सांस्कृतिक महत्व

नेपाल विविध धर्म, संस्कृति, परम्परा र रीतिरिवाजले भरिपूर्ण देश हो । यहाँ मनाइने विभिन्न चाडपर्वमध्ये दसैँ सबैभन्दा ठूलो र महत्वपूर्ण पर्वका रूपमा परिचित छ। दसैँको नवौँ दिनलाई महानवमी भनिन्छ । यो दिन हिन्दू धर्मावलम्वीहरूले विशेष श्रद्धा र भक्तिका साथ देवी दुर्गा तथा शक्तिस्वरूपा भगवतीको पूजा आराधना गर्छन् । महानवमी धार्मिक आस्था, शक्ति, साहस र विजयको प्रतीकका रूपमा मनाइन्छ ।

धार्मिक मान्यताअनुसार महानवमीका दिन देवी दुर्गाको विशेष पूजा गरिन्छ । दसैँका नौ दिनलाई नवदुर्गाका नौ स्वरूपको आराधनासँग जोडेर हेरिन्छ । महानवमीका दिन देवी सिद्धिदात्रीको पूजा गर्ने परम्परा पनि छ। भक्तजनहरूले आफ्नो घर, मन्दिर तथा शक्तिपीठहरूमा पूजा गरी परिवारको सुख, शान्ति, समृद्धि र कल्याणको कामना गर्छन् । यस दिन दुर्गा भवानीको आराधना गर्दा शक्ति, साहस र सकारात्मक ऊर्जा प्राप्त हुने धार्मिक विश्वास छ ।

महानवमीको अर्को विशेषता भनेको औजार, हातहतियार, सवारीसाधन तथा विभिन्न काममा प्रयोग हुने उपकरणको पूजा गर्नु हो । विशेषगरी परम्परागत रूपमा सैनिक तथा सुरक्षाकर्मीहरूले हातहतियारको पूजा गर्ने चलन छ । किसानहरूले कृषि औजार र विभिन्न पेसामा संलग्न व्यक्तिहरूले आफ्ना काममा प्रयोग हुने साधनको पूजा गर्ने गर्छन्। यसलाई आफ्नो काम, पेसा र जीविकोपार्जनका साधनप्रति सम्मान व्यक्त गर्ने परम्पराका रूपमा लिन सकिन्छ ।

महानवमीका दिन कतिपय मन्दिर तथा समुदायमा परम्पराअनुसार पशुबलि दिने चलन पनि छ। केही मानिसले यसलाई धार्मिक आस्था र सांस्कृतिक परम्पराका रूपमा लिन्छन् भने केहीले जीवजन्तुप्रति दया र करुणा देखाउँदै बलिको सट्टा फूल, फल, नरिवल तथा अन्य पूजासामग्री चढाउने गर्छन् । फरक धार्मिक अभ्यास र विचारको सम्मान गर्दै सबैले आपसी सद्भाव कायम राख्नु आवश्यक छ ।

नेपालमा महानवमीको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व पनि रहेको छ । यस दिन कतिपय स्थानमा मन्दिर तथा शक्तिपीठहरूमा विशेष पूजा गरिन्छ । सरकारी तथा संस्थागत परम्पराअनुसार विभिन्न निकायमा पनि पूजा आराधना हुने गरेको छ । मानिसहरू परिवारका सदस्यसँग मिलेर पर्व मनाउँछन् र दसैँको खुसी साटासाट गर्छन् । यसले पारिवारिक सम्बन्ध बलियो बनाउन र सामाजिक एकता कायम गर्न सहयोग पुऱ्याउँछ । महानवमी केवल धार्मिक अनुष्ठानमा सीमित पर्व होइन । यसले हामीलाई अनुशासन, कर्तव्यनिष्ठा, परिश्रम र आफ्नो कामप्रति सम्मान गर्न प्रेरणा दिन्छ । आफ्ना साधनको पूजा गर्नुको वास्तविक सन्देश ती साधनको सदुपयोग गर्नु र जिम्मेवारीपूर्वक काम गर्नु पनि हो । देवी दुर्गाको शक्तिको आराधनाले अन्याय, अत्याचार र नकारात्मक प्रवृत्तिविरुद्ध उभिनुपर्ने सन्देश दिन्छ । महानवमी नेपाली समाजको धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक सद्भावसँग जोडिएको महत्वपूर्ण पर्व हो । यस अवसरमा हामीले परम्पराको सम्मान गर्दै आपसी प्रेम, सहयोग, करुणा र एकताको भावना विकास गर्नुपर्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

श्रीमुक्तिनाथ रथयात्राः मेची-महाकाली जोड्ने महाअभियान कात्तिक ८ देखि

वैदिक सनातन धर्मको जगेर्ना, आध्यात्मिक चेतनाको विस्तार र राष्ट्रिय धार्मिक तथा सांस्कृतिक एकताको सन्देशसहित यही कात्तिक ८ गतेदेखि ३० गतेसम्म मेची-महाकाली राष्ट्रव्यापी श्रीमुक्तिनाथ रथयात्रा- २०८३ सञ्चालन हुने भएको छ ।

मुक्तिनाथपीठाधीश्वर स्वामी कमलनयनाचार्य श्रीजी महाराज (मुक्तिनाथ बाबा)को सत्सङ्कल्पअनुसार आयोजना हुँदै आएको यस रथयात्राले पूर्वदेखि पश्चिमसम्मका प्रमुख धार्मिकस्थल, मठमन्दिर, आश्रम तथा तीर्थधामसहित आमनेपालीलाई एक सूत्रमा जोड्ने जनाइएको छ ।

'यस धार्मिक रथयात्राले नेपालको मुक्तिनाथ, पवित्र स्थल कालीगण्डकी र समग्र मुक्तिक्षेत्रको महिमालाई देशविदेशसम्म पुऱ्याउँदै समग्र देशको धार्मिक पर्यटन प्रवर्द्धन गर्नुका साथै तीर्थस्थलको आपसी सम्बन्ध विस्तार, सनातन संस्कृतिको जगेर्ना र आध्यात्मिक जागरणमा महत्वपूर्ण योगदान दिने मुक्तिनाथ बाबाका उत्तराधिकारी स्वामी वासुदेव प्रपन्नाचार्यले बताउनुभयो ।

रथयात्राले विविधतायुक्त नेपाली समाजमा राष्ट्रिय एकता र सहकार्यको भावनालाई अझ बलियो बनाउने पनि उहाँको भनाइ छ ।

सो अवसरमा सार्वजनिक गरिएको कार्यतालिका अनुसार रथयात्रा यही कात्तिक ८ गते मुक्तिनाथबाट जोमसोम-गलेश्वर हुँदै बेनी-कुन्डुलेफेदी पुगेर रात्रि विश्राम गर्नेछ । कात्तिक ९ गते पञ्चकोट-बागलुङ बजार, मालढुङ्गा, कुश्मा, नौडाँडा र हेमजाको मार्ग हुँदै पोखरा नगर परिक्रमा गरी श्रीमुक्तिनाथ सनातन सेवाश्रम, रामघाटमा रात्रि विश्राम गर्नेछ । कात्तिक १० गते पोखराबाट दमौली-डुम्रे-मुग्लिन-धादिङ- थानकोट-कलङ्की-स्वयम्भू-बालाजु र चक्रपथ हुँदै गोल्फुटार स्थित श्रीमुक्तिनाथ बाबा सेवाश्रम पुगेर रथयात्रा विश्राम गर्नेछ । कात्तिक ११ गते काठमाडौँ नगर परिक्रमा गरी श्रीपञ्चम हालक्ष्मी मन्दिर र श्रीवनधाम, भक्तपुरमा रात्रि विश्राम गर्ने कार्यतालिका छ। कात्तिक १२ गते भक्तपुरबाट साँगा-बनेपा-धुलिखेल-भकुण्डेबँसी र खुर्कोट हुँदै सिन्धुली पुग्ने रथयात्राले कात्तिक १३ गते सिन्धुली- भीमान-कटारी-गाईघाट र बराहक्षेत्र हुँदै श्रीमुक्तिनाथ मन्दिर, चतराधाममा रात्रि विश्राम गर्नेछ । कात्तिक १४ गते चतराबाट धरान-इटहरी-विराटचोक-बेलबारी- लेटाङ-पथरी-ऊर्लाबारी र दमक हुँदै झापाको गौशालामा विश्राम गर्ने कार्यक्रम रहेको छ। कात्तिक १५ गते गोवर्धन गौशाला किलिकले- लालमखोला-माईधार-बिर्तामोड-अर्जुनधारा-बुधबारे-चारआली-भद्रपुर र काँकडभिट्टा हुँदै श्रीयोगी राज कमलनयनाचार्य आश्रम, माइधारमा रात्रि विश्राम गर्नेछ । कात्तिक १६ गते माईधारबाट रङ्गेली हुँदै विराटनगर परिक्रमा गरी श्रीलक्ष्मी नारायण मन्दिर, पाञ्चाली मा विश्राम गरिनेछ । कात्तिक १७ गते विराटनगर-दुहबी-इटहरी-लहान र धनुषा हुँदै जनकपुरधाम पुगेर रथयात्रा रात्रि विश्राम गर्ने कार्यक्रम छ । कात्तिक १८ गते जनकपुरधाम परिक्रमा गरी ढल्केवर-बडहरी-लालबन्दी-बर्दिवास-लालबन्दी-नवलपुर-हरिवन-चन्द्र निगाहपुर-निजगढ र पथलैया हुँदै सिमरामा विश्राम गर्नेछ ।

कात्तिक १ गते सिमरा-पथलैया र अमलेखगञ्ज हुँदै हेटौँडा नगर परिक्रमा गरी श्रीकस्तुरी रङ्गनाथ मन्दिर, चिसापानीमा रात्रि विश्राम गर्ने कार्यक्रम तय गरिएको छ । कात्तिक २० गते हेटौँडाबाट मनहरी-वसन्तपुर-भण्डारा-पर्सा र टाँडी हुँदै भरतपुर महानगरपालिका परिक्रमा गरी लङ्घुमा विश्राम गरिनेछ। कात्तिक २१ गते नारायणगढ-गैँडाकोट-भेडाबारी-फूलबास, रजहर-दलदले-प्रगतिनगर-नवलपरासी स्थित कावासोती-डण्डा-चोरमारा-अरुणखोला- दुम्कीवास र बर्दघाट हुँदै श्रीलक्षेश्वर शिवालयमा रात्रि विश्राम गर्ने कार्यतालिका छ। कात्तिक २२ गते बर्दघाट-भुताहा-भूमही-सुनवल र बुटवल हुँदै रथयात्रा रुपन्देहीको रेसेन्डुपुरस्थित श्रीबालहंस साङ्वेद स्वर्गद्वारी आश्रम पुगेनछ। कात्तिक २३ गते खरेन्द्रपुर-चन्द्रौटा-मालुवाङ-लमही तथा कोहलपुर हुँदै नेपालगञ्ज पुगेर रात्रि विश्राम गरिनेछ। कात्तिक २४ गते नेपालगञ्जबाट टीकापुर हुँदै लम्कीचुहा क्षेत्रमा विश्राम गर्ने र कात्तिक २५ गते लम्कीचुहाबाट पुनर्वास हुँदै महेन्द्रनगर (महालक्ष्मी) स्थित श्रीराधाकृष्ण मन्दिरमा रात्रि विश्राम गर्ने कार्यक्रम रहेको छ । कात्तिक २६ गते महेन्द्रनगर-भलारी र अत्तरियाको मार्ग हुँदै धनगढीस्थित श्रीलक्ष्मीनारायण मन्दिरमा रथयात्रा पुग्नेछ। कात्तिक २७ गते धनगढी-हसुलिया-राजापुर र गुलरिया हुँदै कोहलपुरस्थित श्रीरामजानकी मन्दिरमा रात्रि विश्राम गरिनेछ । कात्तिक २८ गते कोहलपुरबाट सुर्खेत हुँदै तुलसीपुरस्थित श्रीलक्ष्मी नारायण मन्दिरमा विश्राम गर्ने कार्यक्रम छ । कात्तिक २९ गते तुलसीपुर-घोराही-लमही-गोरुसिङ्गे र तौलिहवा हुँदै भैरहवा पुगेर रात्रि विश्राम गरिनेछ। रथयात्राको अन्तिम दिन कात्तिक ३० गते भैरहवा नगर परिक्रमा गरी परासी हुँदै नवलपरासीको त्रिवेणीधामस्थित श्रीगजेन्द्र मोक्ष दिव्यधाममा यात्रा विश्राम तथा समापन गरिने कार्यक्रम रहेको छ । आगामी मङ्सिर १ गतेदेखि २९ गतेसम्म 'श्रीगजेन्द्रमोक्ष नारायण वैभव विराट महायज्ञ-२०८३ आयोजना हुनेछ ।

हिमाली क्षेत्रका चुनौती सम्बोधन गर्न नेपाल, भुटान र भारतका याकपालक एकजुट

काठमाडौँ । नेपाल, भुटान र भारतका याक तथा चौँरी कृषकले यही कात्तिक ६ गते भुटानको 'नवौँ रोयल हाइल्यान्ड महोत्सव'मा हिमालय याक पालकको सञ्जाल औपचारिक रूपमा सुरु गर्दैछन् ।

यो सञ्जाल हिमालयका याक कृषक समुदायमा मात्र केन्द्रित पहिलो क्षेत्रीय मञ्च हो। अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार यसको स्थापना कृषक, सरकार र विकास साझेदार बीच करिब एकदशकदेखि जारी सहकार्यको परिणाम हो । जलवायु परिवर्तन, चरन क्षेत्रको क्षयीकरण र बसाइँसराइका कारण हिमाली समुदायले बढ्दो चुनौतीको सामना गरिरहेका बेला यो सञ्जाल स्थापना हुन लागेको हो। महोत्सवमा भुटानका राजा तथा प्रधानमन्त्रीको उपस्थिति रहने इसिमोडले जनाएको छ ।

यो सञ्जाल याक कृषक समुदायबीच सामूहिक पैरवी, ज्ञान आदानप्रदान, क्षमता विकास र सहकार्य प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको क्षेत्रीय मञ्च हो। कृषकद्वारा स्थापित र उनीहरूकै नेतृत्वमा सञ्चालित विश्व 'रेनडियर एसोसिएसन'बाट प्रेरित यस सञ्जालको नेतृत्व हिमालय क्षेत्रका याकपालक कृषकले गर्नेछन्। यसको सचिवालय भुटानमा रहनेछ ।

महोत्सवमा याक तथा चौँरी कृषक महासङ्घ नेपाल, भुटान याक महासङ्घ र भारत याक महासङ्घका साथै नेपाल, भुटान र भारतका सरकारी प्रतिनिधिहरू, अनुसन्धान कर्ता, विकास साझेदार तथा अन्य सरोकारवालाको सहभागिता रहनेछ। महोत्सव यही असोज ६ र ७ गते भुटानमा हुँदैछ । याकपालनले हिमाली भेगमा बसोबास गर्ने समुदायको जीविको पार्जन, संस्कृति र स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। तथापि, तीनै याकपालक समुदायले विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन्। इसिमोडका वरिष्ठ पशुपालन तथा चरन क्षेत्र विशेषज्ञ ताशी दोर्जीका अनुसार याकपालक समुदायले खासगरी याक चौँरीको सङ्ख्या घट्दो क्रममा रहेको, चरन क्षेत्रहरू खुम्चिँदै र क्षयीकरण हुँदै गएका, जलवायु परिवर्तनका असरहरू, याकको आनुवंशिक विविधतामा ह्रास, वन्यजन्तुबाट हुने पशुधन क्षति, बजार तथा सेवामा सीमित पहुँच, उच्च पहाडी र हिमाली क्षेत्रबाट युवाको बसाइँसराइजस्ता चुनौतीको सामना गरिरहेका छन्। यी चुनौती राष्ट्रिय सीमाभन्दा परसम्म फैलिएका छन् र तिनको समाधान का लागि क्षेत्रीय सहकार्य आवश्यक छ। हिमालय याक कृषक सञ्जालले सामूहिक पैरवी, ज्ञान आदानप्रदान, क्षमता विकास र सीमापार सहकार्यका लागि महत्वपूर्ण मञ्च प्रदान गर्नेछ । तीनै देशका राष्ट्रिय महासङ्घलाई एकैठाउँमा ल्याउँदै यस सञ्जालले उत्थानशील जीविको पार्जनका अवसर विस्तार गर्ने, स्वस्थ चरन क्षेत्रको संरक्षण गर्ने र याकका आनुवंशिक स्रोतको संरक्षणलाई सुदृढ बनाउने लक्ष्य राखेको विशेषज्ञ दोर्जीको भनाइ छ । क्षेत्रीय याक कृषक सञ्जालको परिकल्पना सन् २०१६ मा भएको थियो। त्यसबेला इसिमोडको कञ्चनजङ्घा भू-परिदृश्य संरक्षण तथा विकास पहलमार्फत तीनै देशका याक कृषक, अनुसन्धानकर्ता तथा सरकारी प्रतिनिधि एकै ठाउँमा भेला भएका थिए । सन् २०१८ मा यस क्षेत्रका प्रतिनिधि नर्वेमा आयोजित आर्कटिक फ्रन्टियर्स सम्मेलनमा सहभागी भए र विश्व रेनडियर कृषक सङ्घसँग अन्तरक्रिया गरेका थिए ।

उक्त सङ्घको सीमापार मोडेलबाट प्रेरित भएर हिन्दुकुश हिमालय क्षेत्रमा पनि यस्तै क्षेत्रीय मञ्च स्थापना गर्ने अवधारणा विकसित भएको हो। त्यसपछि तीनै देशले क्षेत्रीय सञ्जाल स्थापना गर्नुअघि सशक्त राष्ट्रिय महासङ्घ गठन गर्ने सहमति गरेका थिए ।

सोहीअनुसार भुटानमा सन् २०२२, नेपालमा सन् २०२३ र भारतमा सन् २०२५ मा राष्ट्रिय महासङ्घ औपचारिक रूपमा गठन भएका थिए ।

सन् २०२५ मा भियतनाममा आयोजित विकास शील देशका लागि दिगो पशु कृषिसम्बन्धी दशौँ सम्मेलनमा महासङ्घका नेतृत्वकर्ता र सरकारी प्रतिनिधिले हिमालय याक कृषक सञ्जालको स्थापना गर्ने औपचारिक प्रतिवद्धता जनाएका थिए ।

सुरक्षित यात्रा गरौँ

- सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।



दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

कोप-३१ मा नेपालको प्राथमिकताः जलवायु न्याय, अनुकूलन र हानि-नोक्सानी

प्रत्यूष समाचारदाता

काठमाडौं । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) मा जलवायु न्याय, हिमाली क्षेत्रको संरक्षण, जलवायु अनुकूलन र जलवायुजन्य हानि-नोक्सानीका विषयलाई प्राथमिकताका साथ उठाउने भएको छ ।

कोप-३१ यही कात्तिक २३ देखि आगामी मङ्सिर ४ गतेसम्म टर्कीएको अन्ताल्यामा हुँदैछ । जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि त्यसको असरबाट मुलुकले भोग्नुपरेका जोखिम र क्षतिलाई अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्दै जलवायु न्यायका पक्षमा पैरवी गर्ने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा जोखिम बढ्दै गएको र पछिल्ला विपद्का घटनाले यस क्षेत्रको संवेदनशीलता उजागर गरेको मन्त्रालयका सचिव राजेन्द्र प्रसाद मिश्रले बताउनुभयो । नेपालले हिमाली क्षेत्रको संरक्षण र जोखिममा रहेका समुदायले भोगिरहेको क्षतितर्फ अन्तरराष्ट्रिय समुदायको ध्यान केन्द्रित गराउने उहाँले बताउनुभयो ।

कोप-३१ मा नेपालको प्रतिनिधिमण्डललाई व्यवस्थित, प्रभावकारी र समावेशी बनाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । “प्रतिनिधिमण्डल व्यवस्थित, प्रभावकारी र समावेशी होस् भन्ने हाम्रो चाहना छ । सबै सरोकारवाला मन्त्रालयका प्रतिनिधि तथा नागरिक समाजलाई समेटेर प्रभावकारी प्रतिनिधिमण्डल बनाउने विषयमा छलफल भइरहेको छ,” सचिव मिश्रले भन्नुभयो ।

नेपालले परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा सम्मेलनमा सहभागिता जनाउने तयारी गरेको छ । वन तथा वातावरणमन्त्री गीता चौधरी पनि सम्मेलनमा सहभागी हुनुहुनेछ । नेपालले विगतदेखि नै कोप सम्मेलनमा हिमाली क्षेत्र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको विषय उठाउँदै आएको छ । पछिल्ला विपद्का घटनाले यस क्षेत्रको संवेदनशीलता र जोखिमलाई थप उजागर गरेको सचिव मिश्रले बताउनुभयो ।

“हिमाली क्षेत्र जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेको विषयलाई हामीले पहिलेदेखि उठाउँदै आएका छौं । पछिल्ला विपद्का घटनाले यस क्षेत्रलाई फरक दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता पुष्टि गरेका छन्,” उहाँले भन्नुभयो, “हिमाली क्षेत्रको जोखिम, जलवायु अनुकूलन, हानि तथा नोक्सानी र जलवायु न्यायका विषयलाई प्रभावकारी कार्यान्वयन संयन्त्रसँग जोड्नुपर्ने हाम्रो प्रयास छ ।”

कोप-३१ को तयारीलाई अन्तिम रूप दिन सरकारले कात्तिक १२ गते विभिन्न विषयगत मन्त्रालय, नेपालस्थित विदेशी राजदूतावास, विकास साझेदार, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ ।

उक्त सम्मेलनमा नेपालको राष्ट्रिय अवधारणापत्र (पोजिसन पेपर) र जलवायु परिवर्तनसम्बन्धी नीतिगत दस्तावेज सार्वजनिक गरिने मन्त्रालयका सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले जानकारी दिनुभयो । सहभागीबाट प्राप्त सुझाव र अन्तरराष्ट्रिय समुदायका धारणा समेटेर राष्ट्रिय अवधारणापत्रलाई अन्तिम रूप दिइने उहाँले बताउनुभयो । राष्ट्रिय अवधारणापत्रमा हिमाली क्षेत्रको संरक्षण, जलवायु अनुकूलन, कार्बन उत्सर्जन न्यूनीकरण तथा विश्व तापक्रम वृद्धिले हिमाली क्षेत्रमा पार्न सक्ने प्रभावका विषय समेटिने उहाँले जानकारी दिनुभयो ।

“भोटेकोशी र बूढीगण्डकी क्षेत्रमा भएका विपद्का घटनाले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर र जलवायुजन्य विपद्को जोखिमबारे थप सचेत गराएका छन्,” सहसचिव डा. ढकालले भन्नुभयो, “यसअघि मेलम्ची, थामे, मनाङ, मुस्ताङ, कञ्चनपुर र इलामलगायत क्षेत्रमा भएका विपद्का घटनाले पनि जलवायु परिवर्तनका चुनौती उजागर गरेका छन् ।” नेपालको जलवायु जोखिम र संरक्षणका प्रयास अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न सरकारी प्रतिनिधिमण्डलका अतिरिक्त नागरिक समाज, निजी क्षेत्र र सञ्चारमाध्यमलाई पनि समेट्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ । यसका लागि टर्कीए सरकारले सम्मेलनस्थलमा उपलब्ध गराएको स्थानमा नेपालले प्याभिलियन स्थापना गर्ने भएको छ । त्यहाँ भोटेकोशीलगायत क्षेत्रमा भएका विपद्का घटना, हिमाली क्षेत्रको संवेदनशीलता, जलवायु परिवर्तनका असर र नेपालले भोगिरहेका चुनौतीलाई अन्तरक्रिया, तस्बिर र भिडियोमार्फत प्रस्तुत गरिने सहसचिव डा. ढकालले बताउनुभयो । प्याभिलियन स्थापनाका लागि आवश्यक खर्च जुटाउन मन्त्रालयले विकास साझेदार र गैरसरकारी संस्थासँग सहकार्य तथा सहयोगका लागि पहल गरिरहेको छ ।

नेपालले यसअघि अतिकम विकसित मुलुकहरूको समूह, संयुक्त राष्ट्रसङ्घ र कोप सम्मेलनका विभिन्न मञ्चमा जलवायु न्यायको विषय उठाउँदै आएको छ ।

जलवायु वित्तमा पहुँच विस्तार गर्दा ऋणको भार बढेर आर्थिक जोखिम सिर्जना हुन नदिन नेपालले अनुदान र सहुलियतपूर्ण वित्तीय स्रोत परिचालनमा जोड दिनुपर्ने विज्ञ गुरुङले बताउनुभयो । भोटेकोशीलगायत क्षेत्रमा हालै भएका विपद्का घटनालाई वैज्ञानिक र प्रमाणमा आधारित ढङ्गले प्रस्तुत गरेर नेपालले भोगेको हानि तथा नोक्सानीका लागि अन्तरराष्ट्रिय सहयोग जुटाउनुपर्छ ।

विपश्यना आत्मशुद्धि र शान्तिको मार्ग

रूपन्देही । बुद्धदर्शनमा आधारित विपश्यना ध्यानलाई आत्मनिरीक्षण, चित्तशुद्धि र प्रज्ञा विकासको अभ्यासका रुपमा लिइन्छ । आफ्नै मन, विचार र संवेदनालाई यथार्थ रूपमा बुझ्न सिकाउँदै राग, द्वेष र मोहबाट मुक्त हुने मार्गमा उत्प्रेरित गर्न यसले सहयोग पुर्याउने विज्ञहरूको भनाइ छ ।

यसै सन्दर्भमा, लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वक्याम्पस प्रमुख फणीन्द्रप्रसाद न्यौपाने विपश्यना ध्यान मानव जीवनलाई शान्त, संयमित र सदाचारी बनाउन महत्वपूर्ण रहेको बताउनुहुन्छ । उहाँका अनुसार विपश्यना केवल ध्यानमा बस्ने विधि नभई आफूभित्र उत्पन्न हुने विकार र नकारात्मक भावनालाई पहिचान गरी तिनको प्रकृति बुझ्ने अभ्यास हो । साथै यसले व्यक्तिमा धैर्य, समभाव र सकारात्मक सोच विकास गर्न सघाउन पुर्याउँछ ।

उहाँले भन्नुभयो, “बुद्धले प्रतिपादन गर्नुभएको विपश्यना ध्यानको मूल मर्म आफूभित्रको यथार्थलाई प्रत्यक्ष अनुभव गर्नु हो । यस अभ्याससमा श्वासप्रश्वास र शरीरमा उत्पन्न हुने संवेदनालाई सजगतापूर्वक अवलोकन गरिन्छ । सुखद अनुभूतिप्रति आशक्ति र दुःखद अनुभूतिप्रति द्वेष नराखी समभाव कायम गर्न सिक्नु यसको महत्वपूर्ण पक्ष हो । अनित्य, दुःख र अनात्मको बोधसँग सम्बन्धित बुद्धशिक्षाले मानिसलाई जीवनका अनुभवप्रति यथार्थपरक दृष्टिकोण विकास गर्न प्रेरित गर्छ ।”

विपश्यना प्रशिक्षक गङ्गा कोइराला ध्यानको अभ्यासले मानिसलाई आफ्ना विचार, भावना र व्यवहारप्रति सचेत बनाउँदै दैनिक जीवनमा संयमित हुन सहयोग गर्ने बताउनुहुन्छ । उहाँका अनुसार विपश्यना केवल मानसिक शान्ति प्राप्त गर्ने माध्यम मात्र नभई आफूले बोल्ने शब्द, गर्ने व्यवहार र अरूप्रति देखाउने प्रतिक्रियालाई समेत नियाल्ने अभ्यास हो ।

यसैगरी, बुद्धशिक्षाका ज्ञाता तथा विपश्यना गुरु मेघनाथ ज्ञवाली विपश्यनालाई मानव जीवनमा आनन्द, खुसी र आन्तरिक शान्ति प्राप्त गर्ने मार्गका रूपमा व्याख्या गर्नुहुन्छ। बाह्य परिस्थितिबाट प्राप्त हुने सुख क्षणिक हुन सक्छ, तर आफ्नो मनको प्रकृति बुझेर समभाव विकास गर्ने अभ्यासले जीवनका सुखदुःखलाई सन्तुलित रूपमा सामना गर्न विपश्यनाले प्रेरित गर्ने उहाँको भनाइ छ ।

विज्ञ ज्ञवालीले भन्नुभयो, “बुद्धले दिनुभएको पञ्चशील– प्राणीहत्या नगर्ने, चोरी नगर्ने, कामसम्बन्धी दुराचार नगर्ने, झूटो नबोल्ने र मादक पदार्थ सेवन नगर्ने–विपश्यना साधनाको नैतिक आधार हो । शील, समाधि र प्रज्ञालाई बौद्ध साधनाका परस्पर सम्बन्धित पक्षका रूपमा लिइन्छ। शीलले आचरणलाई शुद्ध बनाउँछ, समाधिले चित्तलाई एकाग्र गर्छ र प्रज्ञाले यथार्थ बुझ्ने क्षमता विकास गर्न सहयोग पुर्याउँछ, त्यसैले पनि मानव जीवनमा यो महत्वपूर्ण छ, सबैले यसको साधना गर्नुपर्छ ।”

आचार्य सत्यनारायण गोयन्काले विपश्यना ध्यानलाई विश्वका विभिन्न देशमा विस्तार गर्न महत्वपूर्ण योगदान दिनुभएको छ । उहाँबाट विकसित शिक्षण परम्परा अनुसार सञ्चालन हुने १० दिने आवासीय शिविरमा सहभागीले मौन साधना,नियति ध्यान र आत्म परीक्षणको अभ्यास गर्छन् ।

व्यस्त जीवनशैली, तनाव र आवेगपूर्ण व्यवहारका बीच आपसमा विपश्यना आत्मचिन्तन र आत्मअनुशासनको अभ्यास बन्न सक्छ । वर्षमा एकपटक १० दिने शिविरमा सहभागी भएर ध्यानको अभ्यास गर्न सके आफ्नो मन र व्यवहारलाई गहिराइबाट बुझ्न सकिने न्यौपानको धारणा छ । विपश्यनाको उद्देश्य व्यक्तिगत शान्तिमा मात्र सीमित नभई आफूमा विकसित हुने करुणा, मैत्री, अहिंसा र सद्भावलाई व्यवहारमा उतार्नु पनि हो । व्यक्तिको चित्तमा शान्ति र समभाव विकास हुँदै जाँदा परिवार तथा समाजमा समेत सहिष्णुता र मानवीय सम्बन्ध सुदृढ बनाउन योगदान पुग्ने बौद्ध दर्शनका जानकारहरूको भनाइ छ ।

खसीबोका बिक्री गरेर दसैँ मनाउँदै फत्तेपुरका किसान महिला

राँझा । जिल्लाको राप्ती सोनारी गाउँपालिका-६ फत्तेपुरका किसान महिलाले खसीबोका बिक्री गरेर दसैँ खर्चको व्यवस्था गरेका छन् ।

गाउँमा रहेको नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत किसान महिलाले यस वर्ष ६०० खसी-बोका बिक्री गरेको संस्थाकी अध्यक्ष गङ्गा शाहले जानकारी दिनुभयो ।

“महिला दिदीबहिनीले हुर्काएका खसी-बोका बिक्रीका लागि सहकारीमा तौल गराउनुहुन्छ, हामीले बिक्री वितरण गर्ने गरेका छौं”, अध्यक्ष शाहले भन्नुभयो, “यो वर्षको दसैँ-तिहारमा एक हजार ५०० खसी-बोका बिक्री गर्ने लक्ष्य रहेको छ ।” व्यावसायिक रुपमा बाखा पालन गरिरहेका महिलाले तौल गरेर खसी बिक्री गर्दै आएका छन् । महिलाले व्यावसायिक रुपमा बाखापालन गर्न थालेपछि बाँकेमा खसी-बोका उत्पादनमा वृद्धि भएको अध्यक्ष शाहको भनाइ छ ।

किसान महिलाले वर्षमा अहिले १० देखि १२ वटासम्म खसी बिक्री गर्न थालेको उहाँले जानकारी दिनुभयो । गाउँमा महिला समूहमा आबद्ध हुनेहरूले घरमा पालेका खसीको बजार व्यवस्थापनको काम महिला उद्यमी सहकारीले गर्न थालेपछि बजार र ठगिने झन्झट बाट दिदीबहिनीहरु मुक्त भएको अध्यक्ष शाहले बताउनुभयो । यहाँका किसान महिलाले प्रत्येक वर्ष दसैँ-तिहारमा उल्लेख्य सङ्ख्यामा खसी बोका बिक्री गरेर चाडपर्व मनाउने गरेको नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडकी व्यवस्थापक दिव्या गुरुङले कुराकानीक क्रममा बताउनुभयो ।

विगतमा बाँके जिल्लाको कचनापुर, महादेवपुरी, फत्तेपुर लगायतका गाउँमा महिलाले उत्पादन गरेका खसी-बोका सामाजिक उद्यमी जिल्ला सहकारी सङ्घ बाँकेमार्फत काठमाडौंलगायत बाहिरी जिल्लामा बिक्री वितरण हुँदै आए पनि अहिले फत्तेपुरस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत खसी-बोका बिक्री हुँदै आएका छन् ।

प्रबन्धक गुरुङका अनुसार अन्य समयमा भन्दा दसैँ तिहारको समयमा खसीबोकाको माग बढी हुने र यही समयमा नै बढी बिक्री हुने गरेको छ ।

हाल सहकारी आबद्ध किसानसँग रु ६०० प्रतिकिलोका दरले खसीबोका खरिद गर्ने र रु ५० प्रतिकिलो बढाएर व्यापारीलाई बिक्री गर्ने गरेको उहाँको भनाइ छ । सहकारीमार्फत गठन गरिएका ५९ समूहमा एक हजार ५० किसान महिला सदस्य रहेकामा करिब छ सयले बाखापालन गर्दै आएका छन् । सहकारीबाट खसी-बोका तथा बाखापालनका लागि ऋण पनि उपलब्ध गराउँदै आएको प्रबन्धक गुरुङले बताउनुभयो ।

राजदेवी मन्दिरमा करिब १५ हजार बोका बलि प्रदान

जनकपुरधाम । जनकपुरधामस्थित राजदेवी मन्दिरमा यस वर्ष १४ हजार ८९१ वटा बोका बलि चढाइएको छ ।

बडादसैँ पर्व अन्तर्गत महाअष्टमीको अवसरमा आइतबार रातिदेखि सोमबार बिहानसम्म १४ हजार ८९१ वटा बोका बलि दिएको हो ।

महावीर युवा कमिटी जनकपुरधामका अध्यक्ष दीपक कुमार साहका अनुसार राजदेवी माताप्रति आस्था राख्ने श्रद्धालु भक्तजनले धार्मिक परम्पराअनुसार एवं भाकल गरेकाहरूले बोका बलि प्रदान गरेका हुन् । बोका बलि दिने कामलाई व्यवस्थित बनाउन सो युवा कमिटीले मन्दिर परिसरमा चार स्थानमा बलि दिन सकिने व्यवस्था मिलाएको थियो । अघिल्लो वर्ष २०८२ सालको विजयादशमीमा १४ हजार ९०३ वटा बोका बलि प्रदान गरिएको थियो ।

बोका बलि सुरु हुनुअघि राममन्दिरका पुजारी महन्तराम गिरीले निशा पूजा गर्नुभएको थियो । महाअष्टमीको रात राजदेवी मन्दिर माताको दर्शन तथा पूजाआजाका लागि भारतबाट पनि श्रद्धालुहरु आउने गरेको अध्यक्ष साहले जानकारी दिनुभयो । मन्दिरमा दर्शनार्थीको चाप बढ्ने भएकाले भक्तजनलाई सहज रूपमा पूजा आजा र दर्शन गर्ने वातावरण मिलाउन आवश्यक तयारी गरिएको अध्यक्ष साहले बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रूपेश खड्काले चाडपर्वका बेला हुने भीडभाड व्यवस्थापन तथा सुरक्षा अवस्थालाई लक्षित गरी विशेष सुरक्षा योजना लागू गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार चाडपर्व लाई ध्यानमा राखेर लामो दूरीका सवारी साधनमा जाँच, नियमित गस्ती तथा बैङ्क एवं वित्तीय संस्था, सुनचाँदी पसल र मोटर साइकल चोरी नियन्त्रणका लागि जिल्लाभर विशेष सुरक्षा कार्ययोजना लागू गरिएको छ ।

यस वर्षको बडादसैँमा धनुषा जिल्लामा ७० वटा पिकेट, ४६ वटा पैदल गस्ती, सातवटा बजार अनुगमन टोली, सातवटा विशेष अपरेसन टोली, १५ वटा विपद् प्रतिकार्य टोली तथा १३ वटा गाडी र मोबाइल टोली परिचालन गरिएको प्रहरी प्रमुख खड्काले जानकारी दिनुभयो ।

सेनाद्वारा आरुघाटस्थित बूढीगण्डकीमा ‘बेलिब्रिज’ जडान

काठमाडौं । नेपाली सेनाले धादिङ र गोरखा जोड्ने आरुघाटस्थित बूढीगण्डकीमा ‘बेलिब्रिज’ जडान कार्य दुई दिनमा सम्पन्न गरी सडक आयोजनालाई हस्तान्तरण गरेको छ ।

सेनाले जडान सम्पन्न गरेपछि सोमबार (हिजो) नै गोरखा सडक आयोजनालाई उक्त बेलिब्रिज हस्तान्तरण कार्य सम्पन्न गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । गत असोज २५ गते बूढीगण्डकी नदीमा गएको बाढीले सो स्थानमा रहेको पक्की पुलको गोरखातर्फको खण्ड बगाएपछि सेनाले असोज ३१ गतेदेखि ‘बेलिब्रिज’ जडान थालेको थियो । दुई दिनमा उक्त खण्डमा बेलिब्रिज जडान गरी यातायात सञ्चालनलाई सहज बनाएको भनी स्थानीय जनताका तर्फबाट सेनाको प्रशंसा गरिएको छ ।

करिब २७ दशमलव ४३ मिटर लम्बाइ र ४ दशमलव २ मिटर चौडाइको उक्त बेलिब्रिज जडान भएसँगै धादिङ र गोरखा आसपासका क्षेत्रका नागरिकलाई आवतजावत गर्न सहज भएको छ । पुल सञ्चालनमा आएसँगै बाढी प्रभावित क्षेत्रमा आवश्यक राहत तथा अत्यावश्यक सामग्रीको ढुवानीमा सहजता हुने सेनाको विश्वास छ ।



किन घटे मुस्ताङ आउने पर्यटक ?

मुस्ताङ। गत आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा मुस्ताङ आउने पर्यटक घटेका छन्।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार गत वर्षको साउनदेखि असोजसम्म यहाँ एक लाख १८ हजार ६८५ जना पर्यटक आएकामा यस वर्ष ४१ दशमलव ५२ प्रतिशतले घटेर ६९ हजार ४०३ जना पुगेका छन्।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ईश्वर महतका अनुसार चालु वर्षको साउनमा ३० हजार ५३४, भदौमा २० हजार २६८ र असोज महिनामा १८ हजार ६०१ जना मात्रै स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ आएका छन्। जबकी गतवर्षको साउनमा १९ हजार, भदौमा २३ हजार २०५ र असोज महिनामा ७५ हजार ५९९ जना पर्यटक मुस्ताङ आएका थिए। गत भदौ १० गतेको रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी, असोजको ११ गतेको भारी वर्षाका कारण राष्ट्रिय गोरवको (बेनी–जोमसोम) सडकमार्ग दुई साता बढी पूर्ण रुपमा अवरुद्ध हुँदा मुस्ताङमा पर्यटकको आगमन संख्या घटेका हुन्। गत असोजको दोस्रो र तेस्रो साता सडक पूर्ण रुपमा अवरुद्ध हुँदा आशिंक पयटक मात्रै पोखरा–जोमसोम हवाई मार्ग हुँदै मुस्ताङ आएका उहाँले बताउनुभयो। यसअघि भारी वर्षाका कारण बाढी पहिरो र नदी कटानले (बेनी–जोमसोम) सडकको दर्जनौ स्थानमा सडक क्षतिग्रस्त भएको थियो।

कोरला सडक आयोजनाले बेनी–जोमसोम सडक मर्मत सुधार गरी सडक सञ्चालनमा ल्याइएको पनि हाल उक्त सडक अझै पूर्ण रुपमा सहज भइसकेको छैन।

प्राकृतिक विपत्तिका कारण पर्यटकको संख्यामा सुधार हुन नसकेको मुक्तिनाथ होटल एशोसियन का अध्यक्ष सुरज गुरुङले बताउनुभयो। यसपटक सुनसान जस्तै रहेको उहाँको भनाइ छ।

पोखरा-जोमसोम नियमित हवाई सेवा स्थगित

मुस्ताङ। पोखरा-जोमसोम नियमित हवाई सेवा स्थगित भएको छ। यस रुटमा उडान भर्दै आएका निजी वायुसेवा कम्पनीहरुले यसवर्ष पर्यटकीय अनुकुल याम नसकिदै हवाई उडान सेवा स्थगित गरेको जनाएको छ।

मुस्ताङमा बर्सेनि दुई याममा निजी क्षेत्रका तारा एयरलाइन्स र समिट एयरलाइन्सका १८ सिटे जहाजहरुले पोखरा–जोमसोम हवाई सेवा सञ्चालन गर्दै आइरहेका छन्। जोमसोमस्थित नागरिक उड्ययन कार्यालयका प्रमुख विश्वराज शर्माका अनुसार अघिल्लो साता तारा एयरलाइन्सले र सोमबारदेखि समिट एयरलाइन्सको नियमित हवाई उडान सेवा बन्द गरेका हुन्।

मुस्ताङमा अगस्टदेखि नोभेम्बरसम्म पोखरा-जोमसोम हवाई सेवा नियमित रुपमा सञ्चालन हुने गरेको थियो। प्रमुख शर्माका अनुसार तारा एयरका तीनमध्ये एउटा जहाज मर्मतका भइरहेको र समिट एयरको चारमध्ये एउटाको मर्मतका लागि लैजाने तयारी भइरहेको छ।

जोमसोमस्थित समिट एयरलाइन्सका स्टेशन इञ्चार्ज सुमन थकालीले रसुवाको विनाशकारी बाढी घटना र देशका विभिन्न स्थानमा बाढी पहिरोले सडकमार्ग अवरुद्ध हुने जस्ता घटनाका कारण हवाई यात्रुहरुले बुकिङ रद्द गरेका कारण नियमित हवाई उडान स्थगित गर्नु परेको बताउनुभयो।

यद्यपि चार्टर उडान भने नरोकिने उहाँको भनाइ छ। यी दुई हवाई कम्पनीले बर्सेनि एक हजार २०० भन्दा बढी नियमित हवाई उडान सेवा गर्दै आएका छन्।

गण्डकीका स्थानीय तहदेखि नै खेलाडी छनोट गरिँदै

कास्की। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशमा खेलाडी छनोट प्रक्रिया अघि बढाइएको छ। प्रतियोगिता नजिकिँदै गर्दा प्रदेश खेलकुद परिषद् गण्डकीले स्थानीय तहदेखि प्रदेशस्तरसम्म छनोटको कार्यतालिका तय गरी तयारी थालेको हो।

कर्णाली प्रदेशमा आगामी मङ्सिर १६ देखि २७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका लागि परिषद्ले प्रदेशका ११ वटै जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गर्दै खेलाडी छनोट प्रक्रिया निर्धारित समयभित्र सम्पन्न गर्न निर्देशन दिएको छ।

परिषद्का अनुसार स्थानीय तहस्तरीय छनोट प्रतियोगिता कात्तिक १० गतेभित्र, जिल्लास्तरीय छनोट कात्तिक १३ देखि १५ गतेसम्म र प्रदेशस्तरीय छनोट कात्तिक १६ देखि २० गतेसम्म सम्पन्न गरिनेछ। प्रदेशस्तरीय छनोटबाट राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी तथा टोलीको टुङ्गो लाग्नेछ। परिषद्का सदस्य सचिव श्रीधर शर्माले स्थानीय तहबाट छनोट भएका खेलाडीलाई जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराइने र जिल्लाबाट छनोट भएकालाई प्रदेशस्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गराइने बताउनुभयो। "प्रदेशस्तरीय छनोटपछि राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडी तथा टोली निर्धारण गरिने छ", सदस्य सचिव शर्माले भन्नुभयो। यसपटकको राष्ट्रिय खेलकुदमा ३२ खेल समावेश गरिएका छन्। प्रतियोगिता मा प्रदेशको प्रतिस–पर्धात्मक उपस्थिति बलियो बनाउन खेलाडी छनोटलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउन परिषद्ले सम्बन्धित जिल्ला खेलकुद विकास समिति, स्थानीय तह तथा सरोकारवालाबीच समन्वय गर्न आग्रह गरेको छ।

खेलाडी छनोट र प्रदेशको टोली निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्न सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयसँग अनुरोध गरिएको परिषद्ले जानकारी दिएको छ। प्रतियोगिताको तयारी र बन्द प्रशिक्षण सञ्चालनका लागि प्रदेश सरकारसँग रु नौ करोड ६८ लाख बजेट माग गरिएको उहाँले जानकारी दिनुभयो।

"राष्ट्रिय खेलकुदका लागि तयारीका लागि आवश्यक स्रोत उपलब्ध गराउन प्रदेश सरकारसँग बजेट माग गरेका छौँ। निर्णय भइसकेको छैन। खेलाडीलाई प्रोत्साहन गर्न नगद पुरस्कारसँगै अध्ययन छात्रवृत्ति, दुर्घटना बिमा, मासिक निर्वाह भत्तालगायका लागि प्रस्ताव पठाएका छौँ", सदस्य सचिव शर्माले भन्नुभयो। गण्डकीले पोखरामा विसं २०७९ असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजित नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश प्रदेशहरूमध्ये पहिलो भएको थियो। घरेलु मैदानमा प्राप्त सफलतापछि यसपटक कर्णालीमा हुने प्रतियोगिता मा पनि आफ्नो साख जोगाउने चुनौती गण्डकीसामु छ।

दशैँमा आउने यात्रुलाई लक्षित गर्दै जलयात्रा सेवा

भोजपुर। दशैँमा आउने यात्रुलाई लक्षित गर्दै भोजपुरको हतुवागढी गाउँपालिका-९ हसपुर्स्थित कोप्चे देखि बराह क्षेत्रसम्म जलयात्रा सेवा पुनः सञ्चालन ल्याइएको छ। दशैं मनाउन गाउँ फर्किने तथा तराईका विभिन्न सहरमा आवतजावत गर्ने यात्रुलाई लक्षित गरेर आइतबारबाट जलयात्रा सुरु भएको हो।

अरुण र दूधकोशी नदीमा पक्की पुल नहुँदा लामो समयदेखि आवागमनमा समस्या भोग्दै आएका दक्षिणी क्षेत्रका स्थानीयलाई जेटबोट सञ्चालनले राहत मिलेको छ। नदीमा पानीको बहाव बढेपछि गत जेठ अन्तिमदेखि जलयात्रा बन्द थियो। स्थानीय व्यवसायी मिलन राईले कोप्चेबाट बराह क्षेत्रसम्मको भाडा रु ५०० तोकिएको जानकारी दिनुभयो। दक्षिणी भोजपुरका स्थानीय जेटबोट चढेर धरान, इटहरी र विराटनगर लगायतका सहरमा पुग्ने गरेका छन्। यसअघि तीन-चार घण्टा पैदल हिँडेर चतरा पुग्नुपर्ने बाध्यता रहेकामा अहिले करिब १९ किलोमिटर दूरी जेटबोटमार्फत २० देखि २५ मिनेटमै पार गर्न सकिने भएको छ। गाउँपालिकाले जलयात्रा लाई पर्यटन सँग जोड्दै यस क्षेत्रको आर्थिक गतिविधि बढाउने लक्ष्य राखेको छ। गाउँपालिका अध्यक्ष प्रेमकुमार राईका अनुसार जलयात्राले हतुवागढी र तराईका जिल्लाबीचको दूरी घटाउनुका साथै स्थानीय पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधि विस्तारमा सहयोग पुऱ्याउनेछ।

पिकअपको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

मकवानपुर। मकवानपुरको हेटौँडामा पिकअप गाडी र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा हेटौँडा उपमहानगरपालिका-१०, बुद्धचोक निवासी ४२ वर्षीय विनोद लामा रहेको मकवानपुर प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरिक्षक एवम् प्रवक्ता माधवप्रसाद काफ्लेका अनुसार हेटौँडा उपमहानगरपालिका-१, सामरीस्थित हेटौँडा-भैँसे सडकखण्डमा सोमबार अपराह्न करिब ४:५० बजे हेटौँडाबाट भैँसेतर्फ जादै गरेको खुर्सानी बोकेको पिकअप गाडी र विपरीत दिशाबाट आउँदै गरेको मोटर साइकल एकआपसमा ठोक्किएका थिए। दुर्घटनामा मोटरसाइकल घाइते भएका चालक लामालाई उपचारका लागि हेटौँडा अस्पताल लगिएको थियो। अस्पताल मा चिकित्सकले साँझ ५:१० बजे उनलाई मृत घोषणा गरेका थिए।

दुर्घटनामा परेका बा.प्र.०१-०३२ च ०१४१ नम्बरको पिकअप र बा.४७ प ८४६१ नम्बरको मोटर साइकल र पिकअप चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

जुम्लाबाट सात हजार ३३० मेट्रिकटन स्याउ निर्यात

जुम्ला। जुम्लाबाट सात हजारभन्दा बढी मेट्रिकटन टन स्याउ निर्यात भएको छ। कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा उत्पादन भएको स्याउ हालसम्म करिब सात हजार ३३० मेट्रिकटन बाहिरी जिल्लामा गएको छ।

कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जिल्लामा करिब १९ हजार ५०० मेट्रिकटन स्याउ उत्पादन भई रु ५५ करोड बराबरको कारोबार हुने अनुमान गरिएको जानकारी दिनुभयो। हाल प्रतिकेजी न्यूनतम रु ७५ मा स्थानीय बर्गैचाबाट किसानले स्याउ बिक्री गरिरहेका छन्। तातोपानी गाउँपालिका-६ स्थित बाँजारावलामा सात हजार १४० रोपनी क्षेत्रफलमा भएको सामूहिक स्याउ खेतीबाट मात्र ३४ मेट्रिकटन स्याउ उत्पादन भएको छ। जसबाट मात्र रु ३० लाख बराबरको स्याउ बिक्री भएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ। जुम्लामा झण्डै चार हजार ६०५ हेक्टर अर्थात् ९२ हजार ८० रोपनी क्षेत्रफलमा स्याउखेती हुने गरेको छ।

चालु आवमा झण्डै १०८ हेक्टर अर्थात् दुई हजार १६० रोपनी थप क्षेत्रफलमा स्याउखेती विस्तार गरिने लक्ष्य कार्यालयले लिएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो। उच्च जातको फुजी स्याउको खेती भने जम्मा ५२ हेक्टर क्षेत्रफलमा भएको छ। यस वर्ष ४९ हेक्टरमा मात्र फुजी स्याउ फलेको कृषि कार्यालयले जनाएको छ। यसैगरी, रेडडेलिसेस, रोयलडेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत स्थानीय जातका स्याउको खेती भई बिक्री वितरण भइरहेको कृषि कार्यालयले जनाएको छ। केही स्याउ व्यापारीले कोल्ड स्टोरका साथै घरमा पनि राखिएकाले निर्यात र रकम बढ्न सक्ने अनुमान गरिएको छ।

कार्यालयका अनुसार यहाँका आठवटै स्थानीय तहका करिब १९ हजार घरधुरी स्याउ खेतीमै निर्भर रहेको जनाएको छ। यो वर्ष भारतबाट आउने स्याउ नेपालमा बन्द भएपछि जुम्लाको स्याउले बजार राम्रो पाएको छ। जिल्लाबाट एक हजार ५०० कार्टुन भन्दा धेरै स्याउ खरिद गरी नेपालगञ्जमा बिक्री गरेको हिमा गाउँपालिकाका स्थानीय स्याउ व्यापारी माया रोकायाले जानकारी दिनुभयो।

भोटेकोशी बाढीपछि बर्दियाका पाँच परिवारको दसैँ आँसुमा

बर्दिया। घरघरमा जमरा राखिएका छन्, कुलदेवताको पूजा भइरहेको छ र गाउँबस्तीमा दसैँको रौनक छ। तर राजापुर नगरपालिका-९ तिनघरवाका पाँच परिवारका लागि यस वर्ष दसैँ खुसीको पर्व बन्न सकेको छैन। परिवारको भविष्य बनाउने सपना बोकेर रोजगारीका लागि रसुवा पुगेका आफन्त भोटेकोशी बाढीमा बेपत्ता भएपछि उनीहरूका परिवारमा खुसीभन्दा बढी पीडा छ।

बाढीमा बेपत्ता प्रदीप थारुकी श्रीमती सिर्जना थारुलाई यस वर्षको दसैँले झन् पीडा थपेको छ। घरमा जमरा राखिए पनि श्रीमान् बेपत्ता भएको पीडाले उहाँलाई पर्व मनाउने जाँगर छैन। आँखाभरि आँसु पार्दै उहाँले भन्नुभयो, "दसैँ आएको छ, तर परिवारमा कुनै खुसी छैन।" परम्पराअनुसार कुलदेवताको पूजा गरे पनि श्रीमान् बेपत्ता हुँदाको पीडाले दसैँ मनाउन नसकेको उहाँले बताउनुभयो। विगतमा परिवारसँगै बसेर खुसी साटासाट गरेको दसैँ सम्झँदा अहिले मन झन् भारी हुने उहाँको भनाइ छ।

सोही गाउँका सुरेश थारु पनि भोटेकोशी बाढीमा बेपत्ता हुनुभएको छ। उहाँकी श्रीमती रमिता थारु श्रीमान् फर्किने आशामा दिनरात बिताइरहनुभएको छ। "रातदिन श्रीमान्कै प्रतीक्षामा छु। उहाँलाई सम्झेर दसैँ कसरी मनाउने ?" उहाँले भन्नुभयो। घरमा जमरा राखेर कुलदेवताको पूजा गरे पनि दुःखका कारण टीका नलगाई दसैँ बिताउने उहाँले बताउनुभयो। सिर्जना र रमिता जस्तै तिनघरवाका पाँच परिवार अहिले शोक र प्रतीक्षामा छन्। एउटै टोलका सुरेश थारु, अमिस थारु, सिसन थारु, प्रदीप थारु र राजु थारु गत भदौ १० गते भोटेकोशी बाढीमा परेर बेपत्ता भएका थिए। पाँच जना बेपत्ता भएपछि पीडा परिवारमा मात्र सीमित छैन, सिङ्गो गाउँ नै शोकमा डुबेको छ। बेपत्ता राजु थारुका दाइ तुलाराम थारुले पाँच परिवारमा परेको विपत्तिले गाउँका सबैलाई दुःखी बनाएको बताउनुभयो। आफन्त, गरगोतियार र छरछिमेक मा पनि यस वर्ष दसैँको रौनक नरहेको उहाँले बताउनुभयो। राजापुर नगरपालिका-९ तिनघरवा गाउँमा ७५ परिवार बसोबास गर्छन्। विगतमा रोजगारी, व्यवसाय र अध्ययनका लागि सहरबजार तथा जिल्लाबाहिर गएकाहरू दसैँ मनाउन गाउँ फर्किन्थे।

गाउँमा चहलपहल हुन्थ्यो र सबैले मिलेर पर्व मनाउँथे। तर यस वर्ष बाढीको पीडाले गाउँको माहोल बदलिएको छ। गाउँका बरघर बरुण थारुले यस वर्ष गाउँमा दसैँको रौनक नरहेको बताउनुभयो। "दसैँ आएको छ, तर गाउँमा मादल बज्दैन। कसैको मनमा पनि खुसी छैन," उहाँले भन्नुभयो। बाढीको पीडाका कारण तिनघरवासीले यसअघि अटवारी र तीज पनि उल्लासपूर्वक मनाउन नसकेको स्थानीयले बताएका छन्।

आफन्तको काजकिरिया गर्न खर्च अभाव भएको उनीहरूको भनाइ छ। बेपत्ता सुरेश थारुकी श्रीमती रमिताले काजकिरियाका लागि आर्थिक समस्या भएको बताउनुभयो। स्थानीय सरकारले किरियाखर्च उपलब्ध गराउने आश्वासन दिए पनि अहिलेसम्म नपाएको उहाँको गुनासो छ।

नवरात्रको नवौँ दिनः शक्तिपीठमा भक्तजनको घुइँचो

काठमाडौँ। नवरात्रको नवौँ दिन आज काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागमा अवस्थित शक्तिपीठ एवं देवी मन्दिरमा भक्तजनको घुइँचो लागेको छ।

तिथि वृद्धि हुँदा सोमबार पनि महाअष्टमी मानेर यहाँका गुह्येश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभा भगवती, विजेश्वरी, इन्द्रायणी, रक्तकाली, श्वेतकाली, चामुण्डामाई, सुन्दरीमाई, बज्रयोगिनी, तलेजु भवानी, टोखा चण्डेश्वरीलगायत शक्तिपीठ एवं देवी मन्दिरमा पूजार्चना गर्ने भक्तजनको भीड लागेको हो। ती शक्तिपीठ तथा देवी मन्दिर ध्वजापताकाले सिँगारिए का छन्। काठमाडौँ उपत्यका नजिकैको दक्षिणकाली, गोरखाको मनकामना, ताप्लेजुङको पाथीभरा, ललितपुरको बगलामुखी, पोखराको विन्ध्यवासिनी, काभ्रेपलाञ्चोकको पलाञ्चोक भगवती, जुम्लाको चन्दननाथ, डोटीको शैलेश्वरी, डडेलधुराको उग्रतारा भगवती, बैतडीको त्रिपुरासुन्दरी, नेपालगञ्जको वागीश्वरी, सप्तरीको छिन्नमस्ता भगवती र राजदेवी, धनकुटाको जाल्पादेवी, धरानको दन्तकाली तथा बाराको गढीमाईमा बिहानैदेखि भक्तजनको भीड लागेको छ। यस अवसरमा शक्तिपीठमा दर्शन गरेमा मनोकामना पूरा हुने विश्वास छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com